# शैक्षणिक विकासमा आत्ममूल्याङ्कन

**रमेश भट्टराई**


## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेख शैक्षणिक विकासमा आत्ममूल्याङ्कन भन्ने विषयवस्तुसँग सम्बन्धित छ । यो लेखमा विशेष गरी आत्ममूल्याङ्नलाई विविध कोणबाट चिनाई शिक्षाको उन्नयनमा कसरी लगाउन सकिन्छ भन्ने कुराको खोजीमा केन्द्रित छ । गुणस्तरीय मूल्याङ्कनको आवश्यकता र मूल्याङ्कन प्रणालीमा सजगता, जागरुकता ल्याउने आत्ममूल्याङ्कनको शैक्षणिक विषयको महत्वलाई यहाँ केलाइएको छ । शिक्षकको पेसागत मर्यादा विकासका लागि बदलिँदो समाजसँग सहभागी भएर बाँच्ने तथा असल शिक्षक बन्ने आधारलाई अध्ययनको उद्देश्य बनाइएको छ ।यसर्थ यो अध्ययन शिक्षकको शैक्षिक समुन्नति तथा पेसागत उन्नयनको विकास गर्ने उद्देश्यमा केन्द्रित छ ।प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान विधिलाई अपनाइएको छ । प्राथमिक स्रोतका रूपमा प्रश्नावली तयार गरी उद्देश्यमूलक नमुना छनोटका माध्यमबाट शिक्षा क्षेत्रमा संलग्न स्थायी शिक्षिका (जनजाति), स्थायी शिक्षक, उप-प्राध्यापक, स्नातकोत्तर कार्यक्रम संयोजक तथा क्याम्पस प्रमुखसँग गरिएको अन्तर्वार्तालाई सार (थिम) तयार गरी आफ्नो अध्यापनको अनुभवलाई समेटिएर र द्वितीयक स्रोतका सामग्रीको पनि यथोचितउपयोग गरेर निष्कर्ष निकालिएको छ । विश्लेषणका क्रममा क्रमशः सहभागी एक, दुई, तीन, चार र पाँच भनी विश्लेषण गरिएको छ । शैक्षिक क्षेत्रमा सरोकार राख्ने पाठ्यक्रम निर्माता, निर्देशक, सल्लाहकार, शैक्षिक समुन्नतिका विषयमा सामेल सबै तह र वर्गका व्यक्तिका लागि यस अनुसन्धानमूलक लेख उपयोगी साबित हुने अपेक्षा गरिएको छ ।*


**मुख्य शब्दावली** : आत्मनिर्देशित विधि, कार्यमूलक अनुसन्धान, प्रगतिशील कार्य, तनाव व्यवस्थापन, निदानात्मक मूल्याङ्कन, सहपाठी शिक्षण

## पृष्ठभूमि

'आत्म' र 'मूल्याङ्कन' दुई शब्दको संयोजनबाट निर्मित आत्ममूल्याङ्कन शब्दको अर्थ आफूले आफैँलाई गर्ने मूल्याङ्कन भन्ने हुन्छ । आत्ममूल्याङ्कन मूल्याङ्कनकै एउटा पाटो हो । यो मूल्याङ्कनको पहिलो रूप हो यद्यपि यो सबैभन्दा उपेक्षित भएको छ (सेचवार्टज) ।शिक्षण सिकाइको प्रभावकारिता वृद्धि गरी शैक्षणिक स्तरलाई समुन्नत तुल्याउन मूल्याङ्कन गरिन्छ ।यसले ठोस लेखाजोखा गरी सबल पक्ष, पृष्ठपोषण, आवश्यक सुधारात्मक सुझाव, सहयोग र पुनर्बल प्रदान गर्छ(ओइसिडि, २००९ पृ.३) । यसले सिकाइको गुणस्तर लाई लेखाजोखा गरेको हुन्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीको कक्षाकार्यलाई सुधार गर्ने, निर्णयात्मक मूल्याङ्कनले प्रमाणपत्र दिई कक्षा चढाउने तथा उपचारात्मक मूल्याङ्कनले विशेष परामर्श, सल्लाह सुझाव प्रदान गरी विशेष उपचारगर्दछ । औपचारिक, अनौपचारिक तथा अनियमित तीन प्रकृतिका शिक्षाका प्रकार मध्ये आत्ममूल्याङ्कन अनौपचारिक तथा अनियमित प्रकृतिको रहेको देखिन्छ । यसलाई अपनाउने हो भने सिङ्गो जीवनलाई आनन्ददायी, सफल, असल, नैतिक, चरित्रवान् बनाउँदै शैक्षणिक सक्षमता विकास हुन्छ ।

शिक्षा विकासको इतिहासलाई हेर्दा शिक्षक, विद्यार्थी तथा सरोकार सबैसँग आध्यात्मिक चिन्तनलाई जोडेर आफूलाई चिन्नका लागि आत्ममूल्याङ्कन गराइन्थ्यो । आत्मज्ञान, आत्मपहिचान, स्वज्ञान, आत्मानुभूतिजस्ता

शब्दले आत्ममूल्याङ्कनलाई बुझाउँछ । मापन र मूल्याङ्कनलाई हेर्ने हो भने कुनै व्यक्तिले शून्य अङ्क ल्याएमा ऊ शून्य दिमाग भएको व्यक्ति हुँदैन (पराजुली र अन्य, २०६८ पृ. ११) । भौतिक र मनोवैज्ञानिक मापनमध्ये यो विधिव्यक्तिको बुद्धिमता, सिकाइ उपलब्धि, रुचिजस्ता मनोवैज्ञानिक मापनसँग निकट रहन्छ ।

नेपालमा वि.सं. १९१० असोज २७ गते दरबार स्कुलको स्थापना गरेपछि जंगबहादुरले मिस्टर रोसलाई स्कुल सुपरिवेक्षक बनाएका थिए । 'अरूका कुरा छोडिदेऊ छोरालाई अङ्ग्रेजी पढाऊ' भन्दै अङ्ग्रेजी शिक्षामा जोड दिए । भारतमा १९ औं शताब्दीको उत्तरार्धमा परम्परागत शिक्षा लोप भई 'म्याकले' ले इस्टइन्डिया कम्पनीमा कर्मचारी तर्जुमा गर्दै अङ्ग्रेजी शिक्षा पद्धतिले मान्यता पाइरहेको थियो । पछि १९१५ सालमा शिक्षा विभागको स्थापना भयो । यसका प्रमुख निर्देशकमा जंगबहादुरका छोरा बबरजंगलाई नियुक्त गरियो । यसरी १९३२ मा धीर शमशेर डाइरेक्टर हुँदा दरबार स्कुल केही खुकुलो भएको हो (शर्मा, २०७२, पृ.३९-४२) । इतिहासलाई हेर्दा मूल्याङ्कन तथा निरीक्षणका लागि नेपालमा १९१० बाटै सोचिएको देखिन्छ । त्यस बेलाको निरीक्षण शासकीय सोचमा केन्द्रित रहेको थियो । नेपालमा औपचारिक रूपमा अनुगमन तथा मूल्याङ्कन चाहिँ वि.सं. २०१३ बाट योजनाबद्ध विकासको प्रारम्भ भयो । विकास कार्यक्रमको अनुगमन र मूल्याङ्कनको व्यवस्थित परिपाटी आ.व. २०३२/०३३ देखि भार प्रणालीको विकास गरी सुरु भयो । राष्ट्रिय शिक्षा पद्धतिको योजना (रा.शि.प.यो.) २०२८ ले विद्यालयको नियमित अनुगमन तथा निरीक्षण प्रणालीको प्रारम्भ गरेको थियो । नेपालमा विधिवत् रूपमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास पुरानो भार प्रणालीलाई विस्थापन गरी उपलब्धिका आधारमा आठौं योजना (आ.व. २०४९-०५४) देखि सुरु भएको पाइन्छ (आचार्य र पौडेल, २०७६/७७, पृ. ३५६) ।

शिक्षा योजना तथा परियोजनाको अन्त्यमा हुने निरन्तर पृष्ठपोषणको विषयलाई शिक्षकको आत्ममूल्याङ्कनको प्रतिबिम्बनसँग गाँस्नुपर्छ । हरेक पेसा, व्यवसायमा संलग्न वा घर घरायसी समाजको नागरिक, संघ-संस्थादेखि राष्ट्रले शान्ति र समृद्धिको सपनालाई बुन्छ । आफ्ना कार्यकलाप वा आफूले गरेका दैनिक कार्यको आफैँले लेखाजोखा गर्ने तथा आवश्यक सुधार, आत्मआलोचना वा स्वीकार गर्ने कोसिस गरेको हुन्छ । पेसागत उन्नयन र विकासमा सकारात्मक पक्षको खोजी गर्ने तथा त्रुटि सच्याउने आदर्श व्यक्तिका लागि आत्ममूल्याङ्कनसुधारवादी माध्यम हो । यसमा पारखी भएका व्यक्तिले परीक्षामा कमजोर नतिजा ल्याए पनि व्यावहारिक ज्ञानमा दक्षता देखाउन सक्छन् । समाजमा भएका अन्य व्यक्तिका कार्यकलापबाट समेत असल मानिसले आत्ममूल्याङ्कन गर्दै आफूलाई सुधार्ने प्रेरणा लिएको हुन्छ ।

असल शिक्षकले सिकाइलाई अद्यावधिक गर्न आत्ममूल्याङ्कन गर्छ । विद्यार्थीका सिकाइका लागि आत्ममूल्याङ्कन (सेल्फ इभ्यालुसन) सिकाइमा हुने मानवीय कमजोरी सुधार्ने सबल विधि हो । अमेरिकामा सन् १९८० को दशकतिर हेर्दा र्‍यान्ड अध्ययन (RAND, Study) ले विकासात्मक र प्रतिबिम्बात्मक विधिका आधारमा शिक्षकले आफ्नै मूल्याङ्कन गर्ने भन्ने कुरालाई त्यति मानेनन् । नेतृत्वकर्ता यस कार्यमा असक्षम देखिए । एकै रूपको मूल्याङ्कन पद्धति पनि भएन । तसर्थ शिक्षकलाई नै जिम्मेवार बनायो भने मूल्याङ्कन गुणस्तरीय हुन्छ (मार्जानो र अन्य, सन् २०११) । यही आवश्यकता र मूल्याङ्कन प्रणालीमा सजगता, जागरुकता ल्याउने आत्ममूल्याङ्कनको शैक्षणिक विषयलाई यहाँ केलाइएको छ ।

पेसागत उन्नयनमा आन्तरिक र बाह्य मूल्याङ्कनका नीतिगत कुराहरूलाई समेटिने गरिए पनि आत्ममूल्याङ्कनको महत्तालाई आवश्यक ठानिएको देखिँदैन । हरेक व्यक्तिले पेसागत जिम्मेवारी पूरा गर्दा आफ्नो कार्यलाई सही या गलत के छ थाहा पाउनु आवश्यक हुन्छ । यो बाह्य मूल्याङ्कनको प्रतिवाद गर्नका

लागि नभएर सिकाइ र शिक्षणको जटिल अन्तर्सम्बन्ध प्रदर्शन गर्न प्रयोग गरिने लाभदायक र ध्रुवसत्य तरिका हो (म्याकबेथ, जोन, पृ.७६७-७८०) ।सामाजिक वातावरणको मर्यादामा सम्मानित बन्ने एउटा असल, मर्यादित तथा पेसागत दायित्वलाई बुझेको व्यक्तिले कार्यगत विश्लेषण गरी आफूलाई अद्यावधिक गराएको हुन्छ। शिक्षकको पेसागत र शैक्षणिक विकासका लागि आत्ममूल्याङ्कनको भूमिका महत्वपूर्ण हुन्छ।

## अध्ययनको आवश्यकता

यस अध्ययनमा आत्ममूल्याङ्कनको आवश्यकतालाई शैक्षिक कोणबाट हेरिएको छ । शिक्षकको पेसागत मर्यादा विकासका लागि बदलिँदो समाजसँग सहभागी भएर बाँच्ने तथा असल शिक्षक बन्ने आधारलाई अध्ययनको उद्देश्य बनाइएको छ । यसर्थ यो अध्ययन शिक्षककोशैक्षिक समुन्नति तथा पेसागत उन्नयनको विकास गर्ने उद्देश्यमा केन्द्रित छ। आत्ममूल्याङ्कनले व्यक्तिको व्यक्तित्व विकासमा टेवा पुऱ्याएको हुन्छ। हरेक मानिस आफ्नो पेसामा मर्यादित र सफल बन्न चाहन्छ तरसचेतताको कमीले पेसागत मर्यादालाई बिर्सन्छ । केन्द्रीय स्तरबाट प्रभावकारी नीति निर्माणमा शिक्षकको अनुभवलाई समेटिएको देखिँदैन । यसर्थ दिगो र जीवनपर्यन्त सिकाइ तथा गुणस्तरीय शिक्षा विकासका लागि शिक्षक नै कार्यान्वयन तहमा संलग्न पात्र हो । सिकारुमा सिकाइ विस्मरणको अवस्थामा नपुगोस् भन्नका लागि पनि आत्ममूल्याङ्कनको आवश्यकता रहन्छ । खुला शिक्षा, जीवनपर्यन्त शिक्षा, अनौपचारिक तथा प्रौढ शिक्षा कार्यक्रमजस्ता शैक्षणिक कार्यमा आत्ममूल्याङ्कनको महत्वलाई बुझ्नु आवश्यक हुन्छ । शिक्षणमा अपनत्वको भाव विकास गर्न स्थानीय अनुभवलाई समेट्नुपर्छ । तसर्थ शिक्षकको आत्ममूल्याङ्कनलाई अभिलेखका रूपमा विकास गरी रूपान्तरण गर्नु केन्द्रीय निकायको दायित्व हो । शैक्षिक क्षेत्रमा सरोकार राख्ने पाठ्यक्रम निर्माता, निर्देशक, सल्लाहकार, शैक्षिक समुन्नतिका विषयमा सामेल सबै तह र वर्गका व्यक्तिका लागि आत्ममूल्याङ्कन आवश्यक तत्व हो ।

## अध्ययन विधि

यस अध्ययनमा द्वितीयक स्रोतका रूपमा विश्वका केही सम्बन्धित सामग्री लगायत नेपालमा आत्ममूल्याङ्कनसँग सम्बन्धितशिक्षा मन्त्रालय लगायतका सामग्रीलाई उपयोग गरिएको छ।अध्ययनमा गुणात्मक अनुसन्धान विधिलाई अपनाइएको छ । प्राथमिक स्रोतका रूपमा प्रश्नावली तयार गरी उद्देश्यमूलक नमुना छनोटका माध्यमबाट शिक्षा क्षेत्रमा संलग्नस्थायी शिक्षिका(जनजाति), स्थायी शिक्षक, उप-प्राध्यापक, स्नातकोत्तर कार्यक्रम संयोजक तथा क्याम्पस प्रमुखसँग गरिएको अन्तर्वार्तालाई सार (थिम) तयार गरी आफ्नो अध्यापनको अनुभवलाई समेटिएको छ। विश्लेषणका क्रममा क्रमशः सहभागी एक, दुई, तीन, चार र पाँच भनी व्याख्या गरिएको छ।

## अध्ययन विश्लेषण

आत्ममूल्याङ्कन शैक्षिक विकासको सचेत क्रियाकलाप हो । नेपाली बृहत् शब्दकोश (२०५०) ले आत्मबोधलाई आफैँआफ आत्माका सम्बन्धमा हुने बोध वा ज्ञान भनी आत्ममूल्याङ्कनको व्याख्या गरेको छ । यो विधि केवल सकारात्मक सोच भएको आदर्श र नैतिकतालाई बुझ्ने मानिसको लागि मात्र उपयोगी रहने बुझिन्छ। समग्रमा शैक्षिक कार्यक्रमको लेखाजोखा प्रक्रिया नै मूल्याङ्कन हो (खनाल र बिष्ट, २०७३/०७४, पृ. २०२)। आत्ममूल्याङ्कनमा आफ्नो तरिकाले गर्ने मूल्याङ्कन भएको हुनाले यसमा पूर्वनिर्धारित मापदण्ड प्रायः हुँदैन तर चेकलिस्ट बनाएर, कार्यप्रगतिलाई हेरेर, प्रश्नावलीका आधारमा अनुशासित ढाँचालाई अपनाउन सकिन्छ । यो विधि मूलतः बौद्धिक, वैज्ञानिक र उत्तम आत्मआलोचनात्मक प्रकृतिको हुन्छ ।

जोन डिवेले प्रगतिशील विचार राखे । विद्यार्थी र नागरिकको मूल्याङ्कनमा सक्रिय भूमिका

हुनुपर्ने कुरालाई औँल्याए (मार्जानो र अन्य, सन् २०११) । आन्तरिक नेतृत्वले भन्दा बाहिरका स्वतन्त्र निकायले मूल्याङ्कन गर्ने हो भने राम्रो उपलब्धि प्राप्त हुन्छ भन्ने अर्को विचार पनि रहेको देखिन्छ । मनोगत मूल्याङ्कन मात्र नभएर सिकाइ र सिकाइको परिवेश मूल्याङ्कनका लागि शिक्षक नै बढी जिम्मेवार हुन्छ किनकि कक्षामा के भयो भनेर सबै भन्दा बढी शिक्षकलाई नै थाहा हुन्छ(म्याकबेथ, जोन) ।

मूल्याङ्कनलाई सामाजिक, राजनीतिक, आर्थिक अवस्था, सञ्चार भूमिका, विद्यालयको वातावरण, सांस्कृतिक विविधताजस्ता सामाजिक तथा विद्यालयीय वातावरणले प्रभाव पारेको हुन्छ । अधिकारी र भट्टराई (२०७०) द्वारा प्रयोगात्मक नेपाली शब्दकोशमा “आफूले गरेका काम कारबाही वा व्यवहारको बारे मा आफैँले गर्ने मूल्याङ्कन, आत्मसमीक्षा, आत्मालोचना” भनी आत्ममूल्याङ्कनलाई परिभाषित गरिएको छ । परीक्षण, मापन र मूल्याङ्कनमध्ये आत्ममूल्याङ्कनलाई मूल्याङ्नकै एउटा बदलिँदो आधार मान्न सकिन्छ । भौतिक र मनोवैज्ञानिक मापनमध्ये यो मनोवैज्ञानिक मापनसँग निकट छ ।सुपरिवेक्षक, निर्देशक, प्रयोग गर्ने व्यक्ति र पुनः मूल्याङ्कन गरी उपलब्धिलाई उपयोग गर्ने व्यक्ति स्वयम् आफू रहन्छ । शिक्षकका लागि शिक्षण कौशल र मनोवैज्ञनिक दक्षता चाहिन्छ । यो शिक्षणमा सुधार गर्ने शैक्षणिक आधार हो ।

## परिभाषामा आत्ममूल्याङ्कन

### शिक्षाको परिभाषामा आत्ममूल्याङ्कन

#### पूर्वीय विद्वान्को मत

शिक्षाले व्यक्तिको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक लगायतका सर्वाङ्गीण विकासमा जोड दिनुपर्छ। सिकाइमा, सामाजिक व्यवहारमा समेत् सिकारुले आफ्ना सिकाइलाई आत्ममूल्याङ्कन गर्ने हो भने नवीन सिकाइको विकास हुन्छ। वेदव्यासद्वारा लिखित ऋग्वेदमा भनेको छ- ‘शिक्षाले व्यक्तिलाई आत्मविश्वासी र निःस्वार्थी बनाउँछ।’ ‘व्यक्तिमा आफ्नो वातावरणलाई नियन्त्रण गरी आफ्ना सम्भावनाहरूलाई पूरा गर्न सक्ने क्षमताहरूको विकास गराउनु शिक्षा हो’ भन्ने अज्ञात भनाइले आफूलाई नियन्त्रण गर्न सिकाउँछ। गीताले ‘पृथ्वीमा ज्ञानभन्दा शुद्ध चीज अरु छैन’ भनी शिक्षालाई आत्मविश्लेषणको ज्ञानमा जोड दिएको छ। ज्ञानलाई बुझ्नका लागि आफूले आफैँलाई बुझ्नुपर्दछ। शङ्कराचार्यले आत्मानुभूति नै शिक्षा हो भनेर आत्ममूल्याङ्कनकै तहमा व्याख्या गरेका छन्। यसर्थपूर्वीय दर्शनले आत्ममूल्याङ्कनलाई आत्मज्ञानसँग जोडेको देखिन्छ जुन सबैभन्दा उत्तम उपाय हो।

#### पाश्चात्य विद्वान्को मत

खनाल र बिष्ट (२०७३/७४) तथा आचार्य र पौडेल (२०७३/७४) द्वारा उल्लेख गरिएका विभिन्न पाश्चात्य विद्वान्का मतलाई आत्ममूल्याङ्कनका कोणबाट नियाल्न सकिन्छ । एरिस्टोटलले ‘स्वच्छ शरीर र स्वस्थ दिमागको निर्माण नै शिक्षा हो’ भनेका छन् । स्वस्थ दिमागबाट व्यक्तिको सोचगत शुद्धताको विकास हुन्छ । पेस्तालोजीले ‘शिक्षा भनेको मानिसको आन्तरिक शक्तिहरूको स्वाभाविक, क्रमिक र प्रगतिशील विकास हो’ भनी आत्ममूल्याङ्कनको गुणात्मक आधार अर्थात् आन्तरिक शक्तिलाई प्रस्तुत गरेका छन् । अर्का विद्वान् जिएच्. थोम्प्सनकाअनुसार- ‘व्यक्तिको बानी वा व्यवहारमा विचार र धारणाहरूको स्थायी परिवर्तन ल्याउने उद्देश्यले यसमा आफ्नो वातावरणको प्रभाव पर्नु नै शिक्षा हो ।’ यसरी हेर्दा शिक्षाको समुन्नतिमा व्यक्तिले आफूलाई सुधार्नुपर्छ । आफ्नो सोच, विचार, दिमागी कार्यको विश्लेषणको विषयवस्तुमा यो भनाइले जोड दिएको बुझिन्छ । रुसोले शिक्षालाई बानीहरूको निर्माणको रूपमा परिभाषित गरे किनकि बानीको निर्माणमा आत्मबोधको आवश्यकता हुन्छ । जोन डिवेले पनि‘व्यक्तिमा आफ्नो वातावरणलाई नियन्त्रण

गरी आफ्ना सम्भावनाहरूलाई पूरा गर्न सक्ने क्षमताहरूको विकास गराउनु नै शिक्षा हो' भनी आत्मबोधकै तहमा व्याख्या गरेका छन् ।जेम्सकाअनुसार 'शिक्षा शिक्षकको काम, ज्ञान, व्यवहारको संगठन हो जसले व्यक्तिलाई भौतिक र सामाजिक वातावरणमा योग्य बनाउँछ ।' डिवेले अनुभवहरूको क्रमबद्ध पुनरावृत्तिको रूपमा शिक्षालाई परिभाषित गरिरहँदा यस परिभाषामा पनि आत्ममूल्याङ्कनकै भावना जोडिएको छ ।

## मूल्याङ्कनका परिभाषामा आत्ममूल्याङ्कन

विभिन्न विद्वान्हरूले मूल्याङ्कनको परिभाषामा पनि आत्ममूल्याङ्कनको अवधारणालाई पेस गरेको पाइन्छ । टायलरकाअनुसार- 'वास्तविक रूपमा शैक्षिक उद्देश्यहरूलाई कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने प्रक्रिया मूल्याङ्कन हो ।' यसमा पूर्व निर्धारित मापदण्डका आधारमा उपलब्धिको लेखाजोखा गर्नु भन्ने भावलाई मूल्याङ्कन भनियो । आत्ममूल्याङ्कन पूर्वनिर्धारित नभएर कार्यमूलक अध्ययनको एउटा रूप हो । अर्का विद्वान् जेम्स एम. ली.ले 'विद्यालय, कक्षा तथा विद्यार्थी आफैँले निश्चित गरेका शैक्षिक उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा विद्यार्थीले देखाएको प्रगतिको निर्धारण नै मूल्याङ्कन हो' भनी मूल्याङ्कनलाई उद्देश्यमा केन्द्रित, अपेक्षित सिकाइको ढाँचासँग गाँसिएको देखिन्छ । सिकारु उद्देश्य प्राप्तिको केन्द्र हो भने सबै उपलब्धिको नेतृत्वकर्ता शिक्षक हुन्छ । यसर्थ शिक्षक, सिकारु, पाठ्यक्रम निर्माता, पुस्तकका निर्माता सबैले आ-आफ्ना कार्यलाई आ-आफ्ना स्थानमा आत्ममूल्याङ्कन गर्नु आवश्यक छ ।

मूल्याङ्कन उपलब्धिको मापनमा आधारित रहेको हुन्छ तर आत्ममूल्याङ्कन व्यक्तिगत बोधगम्यतामा केन्द्रित रहन्छ । मापन र मूल्याङ्कनभन्दा आत्ममूल्याङ्कनमा व्यक्तिगत उपलब्धि बढी हुने हुनाले यो बुझाइ, अनुभवको स्वतन्त्र बोधगम्यता हो । मुरे प्रिन्टले मूल्याङ्कनलाई तोकिएका सिकाइ हासिल भए नभएको निर्णय गर्न मापनबाट प्राप्त तथ्याङ्कलाई यथोचित रूपमा विवेचना गर्ने प्रक्रियाको रूपमा व्याख्या गरेका छन् (पराजुली र अन्य, २०६८, पृ.४) । संयुक्त राज्य अमेरिकाको शिक्षा सङ्गठनले निर्धारण गरेका शिक्षाका उद्देश्यहरूमा 'आत्म पहिचान (Self relalization)' को उद्देश्य निर्धारण गरेको छ । समग्रतः शिक्षाको उद्देश्य, लक्ष्य, प्रयोजन एवम् अभिप्रायलाई हेर्दा आत्मानुभूतिको उद्देश्य र आत्माभिव्यक्तिको उद्देश्यलाई आत्ममूल्याङ्कनकै आधारमा चुनिएको देखिन्छ (श्रेष्ठ र बस्न्यात, २०७५, पृ. १७) । यी उद्देश्य अनुभवमा आधारित छन् । यसबाट पनि मूल्याङ्कनको एउटा सशक्त आधार आत्ममूल्याङ्कन हो भन्न सकिन्छ । यसले सिकाइ प्रक्रियाका सबै सरोकार राख्ने विषयमा भूमिका खेलेको हुनुपर्ने आवश्यकतालाई निर्क्योल गरेको देखिन्छ । हरेक क्षेत्रमा आत्ममूल्याङ्कन आवश्यक हुने हुँदा यो निर्माणात्मक, निदानात्मक मूल्याङ्कनको निकट छ । यसर्थ निर्णयात्मक मूल्याङ्कनलाई हात पारेपछि गरिने आत्मआलोचना पनि यसमा समाहित हुन्छ ।

## आत्ममूल्याङ्कन सुन्दर सिकाइको विधिका रूपमा

आत्ममूल्याङ्कनलाई आत्मनिर्देशित विधि पनि भनिन्छ । यो व्यक्तिगत सोच, बौद्धिकता, सक्षमतामा आधारित हुने हुनाले मनोवैज्ञानिक प्रकृतिको स्वतन्त्र विधि हो । यो विधिको प्रतिपादन कार्ल रोगेर्जले गरेका हुन् । यो नमुनाको शिक्षणमा विद्यार्थीलाई स्व-शिक्षण (सेल्फ इन्सट्रक्सन) द्वारा स्व-समझदारी (सेल्फ अन्डर्स्टेनिङ), स्व-अन्वेषण (सेल्फ डिस्कोभरी), स्व-धारणा (सेल्फ कन्सेप्ट) बनाउन लगाइन्छ (आचार्य र पौडेल, २०७३/७४, पृ. ३६) । हुन त यो विधिलाई मानसिक रोगीको उपचारार्थ बनाइएको भए पनि यो वर्तमान सन्दर्भमा शिक्षक स्वयम् र विद्यार्थीलाई सक्रिय तुल्याउन उपयोगी बन्ने देखिन्छ । शैक्षणिक कार्यकलापमा बालकेन्द्रित सिकाइअन्तर्गतका मस्तिष्कीय खेल, आत्मविश्लेषणात्मक चिन्तन, तार्किक विचार

गत प्रस्तुति, सिकाइ उपलब्धिमा परामर्श तथा छलफलजस्ता विषयलाई आत्मविश्लेषण गर्न सकिन्छ। यसले व्यावहारिक प्रतिबिम्बनदेखि औपचारिक लेखाजोखासम्ममा प्रभाव पारेको हुन्छ। यसमा दबाब र करकापपूर्ण व्यवहार अपनाउनु असान्दर्भिक बन्छ। विद्यार्थीको बौद्धिक विकासमा कार्यगत विश्लेषण, प्रस्तुति, छलफल, सकारात्मक प्रतिक्रियामा लगेर मूर्तता दिने तथा तनावरहित शिक्षामा जोड दिने हो भने आत्मसम्मानको विकासार्थ यसलाई उपयोग गर्न सकिने देखिन्छ। यो नमुनालाई विद्यार्थीहरूको आफ्नो क्षमता बढाउन, बौद्धिक विषयहरू सिकाउन, व्यक्तिका व्यक्तिगत सम्बन्धहरूको विकास गराउने र व्यक्तिलाई शिक्षण क्रियाकलापमा संलग्न गराउन प्रयोग गरिन्छ। यो शिक्षण नमुनालाई व्यक्तिमुखी मानिन्छ (पर्सनल ओरेन्टेड मोडल) मानिन्छ (पूर्ववत् पृ. ३७)। यसर्थ आत्ममूल्याङ्कन एउटा शैक्षणिक हिसाबमा नियाल्दा आत्मनिर्देशित, स्वतन्त्र, मनोवैज्ञानिक वा आन्तरिक सोचमा आधारित स्वः अनुभवकेन्द्री अन्तर्दृष्टिमा आधारित सुन्दर विधि हो।

## छलफल तथा विश्लेषण

सन् १८ औँ शताब्दीतिर अमेरिकामा स्थानीय चर्चले शिक्षक नियुक्ति गर्ने तथा आफू अनुकूल शिक्षकको असीमित अधिकारका आधारमा मूल्याङ्कन गर्ने गर्थे। जसले नियुक्ति दियो उसैले निरीक्षण गर्थे तर निरीक्षणको कुनै स्पष्ट मापदण्ड थिएन। पछि १९ औँ शताब्दीको मध्यतिर सन् १८४५ पछि शिक्षणका लागि पृष्ठपोषणको आवश्यकता महसुस गरियो (मार्जानो र अन्य, पृ. २०११)। मूल्याङ्कनका बारेमा कुरा गर्दा मूलतः बाह्य मूल्याङ्कन र प्रशासकीय मूल्याङ्कनका बारेमा चर्चा हुने गर्दछ। नेपालको सन्दर्भमा हेर्दा शिक्षक स्वयम् र व्यवस्थापक पनि आत्ममूल्याङ्कनको विषयमा सचेत देखिँदैनन्। यस अध्ययनका तयार पारिएको प्रश्नावलीमा आत्ममूल्याङ्कनका लागि सङ्केत गरियो तर सीधा प्रश्न सोधिएन ताकि सहभागीबाट आत्ममूल्याङ्कन पनि आवश्यक हुन्छ भन्ने भावना कतिको व्यक्त होला भनेर हेरिएको थियो। विभिन्न स्तर र तहगत आधारको परीक्षणका लागि पाँच जना सहभागीसँग लिएको अन्तर्वार्तामा आत्ममूल्याङ्कनको आवश्यकताभन्दा बढी प्रशासकीय मूल्याङ्कनको चर्चा गरिएको पाइएको छ :

| क्र. सं. | सहभागी चयनको आधार | भनाइको सार | आत्ममूल्याङ्कन चर्चा |
|---|---|---|---|
| १. | स्थायी शिक्षिका (जनजाति) | - हरेक दिन बिहान र बेलुका विद्यालयमा छलफल हुनुपर्छ।<br>- शिक्षक मात्र खटिएर हुँदैन शिक्षाका विकासका लागि अभिभावकले विद्यार्थी पठाइदिनुपर्छ।<br>- राम्रो शिक्षकमा विषयवस्तुको ज्ञान र विद्यार्थीसँग घुलमिल हुने दुवै गुण चाहिन्छ। | |

| | | | |
|---|---|---|---|
| २. | स्थायी शिक्षक | - नीतिगत व्यवस्था राम्रा छन् तर शिक्षकलाई दण्ड र पुरस्कार भएका छैनन् । गुणस्तरीय शिक्षा विकासमा यसको आवश्यकता छ ।<br>- विगत पाँच वर्षदेखि स्थायी शिक्षकका रूपमा काम गरिरहँदा आजसम्म कतै कसै बाट मूल्याङ्कन गरिएको छैन ।<br>- शिक्षकलाई राष्ट्रिय स्तरको पुरस्कार दिइए पनि पूर्वाग्रह गरिएको देखिन्छ । | - शिक्षक स्वउत्प्रेरित भएर काम गर्ने अवस्था कम हुन्छ किनभने सबैले सहज वातावरण नै चाहन्छन् । |
| ३. | शैक्षणिक व्यवस्थापन तथा मूल्याङ्कनका उप-प्राध्यापक | - बेलायत, अमेरिका, भारततिर विद्यार्थीले शिक्षक छान्ने पद्धति छ । शिक्षकको मूल्याङ्कनमा विद्यार्थीले पनि नम्बर दिने व्यवस्था हुनुपर्छ ।<br>- शिक्षकलाई पाँच-पाँच वर्षमा अद्यावधिक हुने गरी परीक्षा लिने व्यवस्था आवश्यक छ ।<br>- शिक्षा पढ्ने विद्यार्थी 'डी' ग्रेडका अनि शिक्षक पनि तिनै विद्यार्थी स्तरको हुने हो भने शिक्षा सधैं उपेक्षित हुन्छ । | - |
| ४. | स्नातकोत्तर संयोजक | - एक दिन झट्ट हेरेर गरिने कुनै पनि मूल्याङ्कनले बहुपक्षलाई समेट्न सक्दैन ।<br>- लोकतान्त्रीकरण, सुशासन र सहभागिताको सन्दर्भमा शिक्षकको आत्ममूल्याङ्कनलाई समग्र मूल्याङ्कनमा जोडियो भने मात्र यसले पूर्णता पाउँछ ।<br>- शिक्षकका अनुभवका आधारमा नीति तथा कानुन बनाउने प्रावधानहुनुपर्छ। | - शिक्षकको अनुभव र आत्ममूल्याङ्कनबाटै शैक्षिक गुणस्तरको विकास हुन्छ । |

| | | | |
|---|---|---|---|
| ५. | क्याम्पस प्रमुख | - विद्यार्थीको सन्तुष्टि, नतिजाको विश्लेषण, शिक्षकको सामाजिक मर्यादा तथा पदीय दायित्व निर्वाहबाट शिक्षकको मूल्याङ्कन हुन्छ ।<br>- शिक्षकमा प्राविधिक तथा सैद्धान्तिक ज्ञान चाहिन्छ ।<br>- शिक्षक लेखन, अनुसन्धान र अध्ययनमा सक्रिय हुनुपर्छ । | - शिक्षक स्वयम् ज्ञानमा अद्यावधिक बन्नुपर्छ । |

यस अध्ययनमा पाँच जना तहगत पृथकताका आधारमा छनोट गरिएका अध्ययन सहयोगीमध्ये तीन जनाले आत्ममूल्याङ्कनको विषयलाई छोएको देखिन्छ । यसरी हेर्दा वर्तमान शिक्षाको मूल्याङ्कन व्यवस्था र शिक्षकको सोचमा आत्ममूल्याङ्कनको आवश्यकतालाई महसुस गरिएको देखिँदैन ।शिक्षकका लागि आत्ममूल्याङ्कन अत्यावश्यक छ तर यसमा बाहिरी आधारले पनि प्रेरित तुल्याउँछ । शिक्षणकार्य गर्दा शिक्षकले सधैँ मानवीय मस्तिष्कसँग अन्तर्क्रिया गराइरहनुपर्छ (आचार्य र पौडेल, २०७६/७७, पृ. १५९) । विनायोजना विद्यालयमा गएर विद्यार्थीलाई राम्रोसँग पढाउन नसकेको दिन मन खिन्न हुन्छ(सहभागी एक) । शिक्षकले आफ्नो वृत्ति विकासका लागि अतिरिक्त अध्ययन गर्नुपर्छ (सहभागी पाँच) । विद्यार्थीको पृष्ठपोषण र प्रतिक्रियालाई हेर्ने हो भने शिक्षकले आफूलाई सुधार गर्न सक्छ (म्याकबेथ, जोन, पृ. ७६७-७८०) । अन्तर्वार्तामा सहभागीको सारलाई केलाउँदा शिक्षकको मूल्याङ्कनमा देहायका सरोकारवालाहरूको सहभागिता आवश्यक हुन्छ :




(चित्र, १ : शिक्षक मूल्याङ्कनका सरोकारवालाहरू)

मूल्याङ्कन पाठ्यक्रमको एउटा तत्व हो । मूल्याङ्कनले तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन असर पार्दछ । मूल्याङ्कन बाह्य तत्व, प्रशासक र आफैँबाट पनि गरिन्छ । सन् १९७२ मा एन्ड्री निकोल्स र एस.हर्वाड निकोल्सले आफ्नो पुस्तक "डेभ्लपिङ अ करिकुलम" मा पाठ्यक्रम विकासको चक्रीय नमुनालाई प्रस्तुत गरेका छन् । यस नमुनाअन्तर्गत उद्देश्यको छनोट गर्दा परिस्थितिको विश्लेषणबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा समसामयिक, जीवनोपयोगी र व्यावहारिक ज्ञान, सीप र धारणालाई छनोट गर्नुपर्छ । विद्यार्थी, अभिभावक, विद्यालय आदिको अवस्थालाई ख्याल गरिनुपर्छ (अधिकारी, २०७६/७७, पृ. ४२३) । यसका बारेमा सबैभन्दा बढी ज्ञान शिक्षकलाई हुन्छ । ऊ कक्षा र संस्थासँग परिचित तथा समाजका अभिभावकको ज्ञानसँग अनुभव राख्ने सहभागी पात्र हो जसले सोही पाठ्यक्रमलाई प्रयोगको तहमा लगेर कार्यान्वयन गराइरहेको हुन्छ । तसर्थप्रधानाध्यापकले, विद्यालय व्यवस्थापन समितिले, स्थानीय सरकारले स्पष्ट खाका बनाएर शिक्षकको निष्पक्ष मूल्याङ्कन गर्ने हो भने सार्वजनिक शिक्षाको गुणस्तर सुध्रन्छ (सहभागी दुई) ।

२०४१ साल चैत्र २० गते कृष्णलाल आचार्यको टोलीले शिक्षकका समस्या र सुविधाका बारे मा गरेको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको मध्ये 'शिक्षामा गुणस्तरको अभाव' भन्ने शीर्षकभित्र 'योग्य कर्मठ शिक्षकको अभाव' भनिएको थियो (शर्मा, २०७१, पृ. ३३२) । "अहिले शिक्षकको मूल्याङ् कनमा टप टु बटम एप्रोचमा चलेको छ तर बटम टु टप एप्रोच हुनुपर्छ । विद्यार्थीले पनि शिक्षकको मूल्याङ्कन गर्नुपर्छ (सहभागी तीन) ।" वास्तवमा शिक्षकको कार्यकुशलतालाई, उसको व्यक्तिगत अनुभवलाई आत्ममूल्याङ्कन गराउने र समीक्षा गराउने वातावरण चाहिन्छ । पाठ्यक्रम गुणस्तरीय छ, विद्यालयको वातावरण सुन्दर छ तर शिक्षक आफ्नो पेसागत मर्यादाप्रति समर्पित छैन भने शिक्षाको लगानी बालुवामा पानी हुन्छ ।शिक्षकले आफ्नो वृत्ति विकासका लागि अतिरिक्त अध्ययन पनि गर्नुपर्छ (सहभागी पाँच) । एउटा शिक्षकले सिङ्गो विद्यालयको प्रभावकारिताका लागि भूमिका निर्वाह गर्न सक्छ । शिक्षणको प्रभावकारिताका लागि सबैभन्दा बढी बोझ संस्कृति, वातावरण, विद्यार्थीको परिवार, इतिहासलाई पर्दैन तर त्यही शिक्षकलाई पर्छ (म्याकबेथ, जोन, पृ. ७६७-७८०) । शिक्षाविद् विद्यानाथ कोइरालाकाअनुसार æअहिले हामीलाई शैक्षिक परिवर्तनका लागि राम्रो वातावरण छ । प्रविधिले साथ दिएको छ । शिक्षकले नजाने को कुरो विद्यार्थीले जान्दछ । बालमैत्री भनेको केटाकेटीको कुरा सुन्ने हो ।" यस मानेमा पनिअसल शिक्षकमा आन्तरिक र बाह्य ज्ञान हुनुपर्छ । आजसम्मको मूल्याङ्कन गर्ने पद्धतिभित्र शिक्षकको मूल्याङ्कन र अनुभवलाई समेट्न कार्य गरिएको देखिँदैन (सहभागी चार) । यसर्थ शिक्षाको विकाससँगै शिक्षकको अनुभव, अवस्था अध्ययन, विश्लेषण गरिनुपर्छ । नीति तथा योजना निर्माणमा शिक्षकको अनुभवले सकारात्मक स्थान पाउँदै जानुपर्छ ।

## विद्यार्थी र शिक्षकका लागि आत्ममूल्याङ्कनको आवश्यकता

असल व्यक्तिले आत्ममूल्याङ्कन गर्दै आफूलाई सुधार्ने कार्य गर्दछ । शिक्षकलाई रोजगारमा संलग्न हुनुभन्दा पेसाप्रति प्रेम गर्ने बनाउन तथा विद्यार्थीलाई पढाउने होइन पढ्ने बनाउन यो विधिको आवश्यकता रहन्छ । यो व्यक्ति निर्देशित विधि भएकाले शिक्षकलाई आफ्ना शैक्षिक गतिविधिमा सुधार गर्दै नवीनतम प्रविधि खोज्न तथा विद्यार्थीलाई सिकाइको बारेमा आफ्ना कमजोरी केलाउँदै सुधारका बाटा खोज्न उपयोगी बन्नसक्छ । परीक्षामुखी प्रणालीबाट मात्र गरिने अभ्यासले विकृतिहरू जन्माएको छ । विद्यार्थीलाई कक्षा चढाउन गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलापजस्ता क्रियाकलापलाई समावेश गरिएको छैन (राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, पृ. २१) । यस विधिलाई निरन्तर मूल्याङ्कनको लक्ष्यसँग निकट राख्न सकिन्छ तर यो अनुभवमुखी हुन्छ । शिक्षकअद्यावधिक हुन र विद्यार्थीलाई सक्रिय तुल्याउन विद्यार्थीको नियमिततामा सुधार गर्नुपर्छ (अर्याल,

२०७२, पृ. ९६)। शिक्षकले विद्यार्थीको मनोविज्ञान, व्यावहारिकता,नवीनतम परिवर्तनलाई आत्मबोध गर्दै शिक्षण पेसालाई मर्यादित बनाउन सक्छ। विद्यार्थीलाई सिकाइगत समस्या केलाएर समाधान खोज्न तथा शिक्षकलाई शिक्षण प्रविधिगत शैक्षणिक समस्यालाई केलाउन, मनोविज्ञान बुझ्न आत्ममूल्याङ्कन प्रभावकारी बन्छ। यद्यपि यो प्रक्रिया अनुशासित, संयम, भद्र तथा ज्ञानात्मक अनुराग भएका व्यक्तिका लागि मात्र उपयोगी हुने देखिन्छ।

## पेसागत उन्नयनका लागि आत्ममूल्याङ्कन

### शैक्षिणिक विकास

आफ्ना कार्यकलापलाई विश्लेषणका रूपमा लेखाजोखा गर्दै सुधारोन्मुख बाटोमा लाग्ने मजबुत पाटो आत्ममूल्याङ्कन नै हो। कार्यथलोमा नै बसेर शिक्षक स्वयम्ले आफूभन्दा अनुभवी शिक्षकको सहायताले वा पेसागत विज्ञको सहयोगले शिक्षण सिकाइ सम्बन्धी ज्ञान तथा सीप विकास गर्नुपर्दछ(पौडेल, २०७४, पृ.१४)। लगानी, प्रक्रिया र उत्पादनको अनुशासनमा उपलब्धिको मापन गर्ने विधि नै मूल्याङ्कन हो। शैक्षिक प्रक्रियामा तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पुनर्योजना गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो (राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, पृ. २१)। शैक्षिक क्षेत्रमा गरिने सम्पूर्ण लेखाजोखाको प्रक्रिया र विधिमा मूल्याङ्कन अपरिहार्य हुन्छ। शिक्षाको समग्र पक्षको सार्थकतालाई शैक्षिक विकासमा बोध गरिने आत्ममूल्याङ्कनले सापेक्ष र प्रत्यक्ष असर पारेको हुन्छ। कुनै पनि पेसामा स्वयम् सचेत भई आफ्नो जिम्मेवारीलाई होसियारीपूर्वक सम्पन्न गर्नुपर्छ। आफ्ना कमीलाई हटाउन र पेसागत अनुभवले सिकाएका सकारात्मक, समय सापेक्ष वस्तुस्थितिलाई पहिल्याई लागू गर्न आत्ममूल्याङ्कनबाट सम्भव हुन्छ।

### व्यक्तिगत सक्रियता र आत्मबोध

आत्ममूल्याङ्कनलाई अनौपचारिक प्रकृतिको व्यक्तिकेन्द्री मनोवैज्ञानिक विधि भन्न सकिन्छ। तर, यसलाई औपचारिक शिक्षाको विकासका लागि उपयोग गर्न सकिन्छ। यसले आत्मनिर्देशनमा आफैँलाई सचेत तुल्याएको हुन्छ। यसबाट शिक्षण सिकाइमा तत्परताको विकास गर्न सकिन्छ। तत्परता सिकाइको प्रमुख आधार हो। अर्थात् व्यक्ति तत्पर नभई कुनै कुरा सिक्न सक्दैन (खनाल र बिष्ट, २०७३/७४, पृ.१३८)। शिक्षा प्रक्रियामार्फत् स्मरणशक्तिमा सुधार, एकाग्रतामा बृद्धि, सृजनशीलताको उच्च विकासजस्ता शैक्षिक परिणाम, इमानदारिता, विनम्रता, आदर सम्मान, सहनशीलता, आत्मविश्वास, दायित्वबोध, समभाव, असल व्यवहारजस्ता चारित्रिक गुणहरू विकास गर्न सकिनु पर्दछ (पौडेल, २०७४, पृ. ९४)। सिकाइको स्थायित्व र आत्मविश्लेषणका लागि सिकारुमा लगाव चाहिन्छ। सिकाइको स्तरलाई स्व-विश्लेषण गर्दै अघि बढ्नु आवश्यक छ। उपलब्धि नकारात्मक भए पनि आत्मआलोचना र विश्लेषणबाट सुधारको मार्गप्रति लम्केर अघि बढ्नु आवश्यक छ। आत्ममूल्याङ्कनलाई स्वव्यवस्थापनका पक्षसँग जोड्न सकिन्छ। यसर्थ व्यक्तिगत र पेसागत विकासमा स्वव्यवस्थापनले आत्ममूल्याङ्कनकै तहमा रहेर कार्य सम्पादन गर्दछ। तालिम, गोष्ठी, सेमिनारमा सिकेका, जानेका वा भोगेका ज्ञानका आधारबाट पेसागत दक्षता विकास गर्न आत्ममूल्याङ्कन आवश्यक हुन्छ।

## पेसागत उन्नयन र शैक्षणिक सुधार

कुर्बेलले पृष्ठपोषण प्रणालीमा जोड दिए तर डिवेले उद्देश्यकेन्द्री शिक्षामा जोड दिए। विलियम वेट जेलले विद्यार्थीको ल्याकत, पाठ्यक्रमको उद्देश्य र विद्यार्थीको सिकाइ उपलब्धिसँग प्रभावकारी शिक्षण र वैज्ञानिक सुपरिवेक्षणको सम्बन्धलाई देखाए (मार्जानो र अन्य, सन् २०११) ।यद्यपि यति भएर पनि शिक्षकको

आत्ममूल्याङ्कन गर्ने स्पष्ट व्यावहारिक प्रयोग गर्ने वातावरण नहुने हो भने प्रभावकारी सुपरिवेक्षण तथा उपलब्धिमूलक शिक्षण सम्भव छैन ।सिकाइको गुणस्तरलाई आत्ममूल्याङ्कनले टेवा पुऱ्याएको हुन्छ । देश, काल, परिस्थितिअनुसार वस्तु वा सेवाको गुणस्तर फरक-फरक हुन्छ । कुनै एक स्थान, समय र परिवेशमा मानिएको गुणस्तर अर्को स्थान, समय र परिवेशमा गुणस्तरीय नहुन पनि सक्छ (थापा, २०७२, पृ. ४३) । शिक्षकले सिकेको ज्ञानलाई अरूसमक्ष पेस गर्ने वातावरण तय हुनुपर्छ ।

### मनोवैज्ञानिक विचार र निदानात्मक उपचार

सन् १९६९ मा रोबेन्ट गोल्ड हाम्मरले 'क्लिनिकल सुपरभिजन स्पेसल मेथड फर द सुपरभिजन अफ टिचर' नामको पुस्तक लेखे । उनले शिक्षक र सुपरिवेक्षकको प्रतिबिम्बात्मक कुराकानीलाई जोड दिँदै सिकाइ प्रतिबिम्बनको बारेमा चर्चा गरेका छन् (मार्जानो र अन्य,सन् २०११)। यस विचारमा शिक्षकलाई सुझाव दिने, सल्लाह दिने र लिने सहभागितालाई विकास गरिएको देखिन्छ । यो केही हदमा शिक्षकको अनुभवलाई सम्बोधन गर्ने पद्धति रहेको देखिन्छ । वास्तवमा आफ्ना कार्यगत शैली, तरिका, ढाँचामा नयाँपन दिन, विद्यार्थीको मनोविज्ञान बुझी निदानात्मक उपचार खोज्न, अवस्था अध्ययन गर्न, आफ्ना व्यक्तिगत खराब आचरण सुधार्न, बालमैत्री शिक्षणलाई व्यावहारिक बनाउन सकारात्मक प्रभाव पार्न सकिने देखिन्छ । बाल्यावस्था देखि नै आमाको मायाबाट बञ्चित भएको शिक्षार्थीलाई 'आमाको माया' शीर्षकमा निबन्ध लेख्न दिनुहुँदैन भन्ने कुरा शिक्षकलाई थाहा हुन्छ । निरन्तर मूल्याङ्कन र कक्षा कार्यकलापमा शिक्षकले अनुभवका आधार मा प्रभावकारी बनाउँछ । आगतको समस्यालाई मात्र नभई वर्तमानको अवस्थालाई शिक्षकले बोध गर्दछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा शिक्षकले विद्यार्थीले सिकेका र नसिकेका कुराका आधारमा आफ्नो शिक्षण विधि र तौरतरिका पनि जाँच गरेर आवश्यकताअनुसार सुधार एवम् परिवर्तन गर्नुपर्ने हुन्छ (आचार्य र पौडेल, २०७३/७४, पृ. २८५) । असल शिक्षकलाई समाजमा आफ्नो उच्च मर्यादा स्थापित गराउन, व्यक्तिगत कमजोरी सुधारेर सकारात्मक ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न, सामाजिक मर्यादा बढाउनसमेत आत्ममूल्याङ्कन आवश्यक हुन्छ । विद्यार्थीको पूर्ण जीवनको शैक्षिक ज्ञानदाता, मार्गदर्शक बन्ने खुबी शिक्षकमा हुन्छ किनकि उसले जति विद्यार्थीको आनीबानी, व्यवहार, शैली, तिनको सोचलाई नजिकैबाट नियालेको हुन्छ । यसर्थ शिक्षक विद्यार्थीका लागि अनुकरणीय हुनु आवश्यक हुन्छ । शिक्षकले विद्यार्थीमा अध्ययनप्रति जिज्ञासा बढाउँछ, पढ्न प्रेरणा दिन्छ, नयाँ-नयाँ ज्ञान, सीप र धारणा सिकाउँछ, विगतको अनुभव प्रदान गर्छ, वर्तमानमा परिश्रम गर्न सिकाउने र भविष्यको लागि मार्गदर्शन समेत प्रदान गर्छ (पूर्ववत्, पृ. २९) ।

### शैक्षणिक विकास तथा समुन्नति

नेपालमा राजनीतिले शिक्षालाई प्रभाव पाऱ्यो । २०४६ सालपछि मूलतः विद्यार्थी र शिक्षक राजनीतिको ऐजेन्डामा शिक्षाको जग स्वतन्त्र हुन सकेन । प्राचीन परम्परामा सिकाइने आदर्शतासँग अनुशासनका सन्देशसँगै आत्मबोध र आस्तिक ईश्वरीय चिन्तनमा केन्द्रित गराइन्थ्यो । शिक्षक अनुकरणीय हुनाले शिष्य असल अनुयायी बन्थे तर आज त्यसो हुन सकेको देखिँदैन । आधुनिक समाजमा विश्व समाजमा दार्शनिक, शिक्षाविद् र समाजशास्त्रीहरूले विज्ञान र प्रविधिमैत्री शिक्षाको नवीनतम् धारणालाई अँगाल्दै गएको देखिन्छ (श्रेष्ठ र बस्न्यात, २०७५, पृ. ७) । आधुनिक युगमा शिक्षालाई आत्मविश्लेषण गर्ने स्तर कायम गर्न राजनीतिभन्दा पर राख्नुपर्छ । अतः शिक्षकमा सैद्धान्तिक ज्ञान, प्राविधिक ज्ञान, ज्ञानको अद्यावधि हुने गुण हुनुपर्छ (सहभागी पाँच) । वास्तवमा शिक्षा स्वतन्त्र हुनुपर्छ । आज मानिस स्वतन्त्र भयो तर कर्तव्यपरायण भएन । प्लेटोले शिक्षामा स्वतन्त्रताको विकास हुनुपर्ने

अवधारणा राख्छन् । यसको अर्थ शिक्षा अन्य राजनीतिक, द्वन्द्व आदिको बन्धनबाट फुक्का र ज्ञानमैत्री हुनुपर्छ ।

हाम्रो देशको समस्यालाई नियाल्दा शिक्षकले पार्टीको आडमा रहेर जागिरमा ठग्छ र दायित्व बिर्सन्छ । शिक्षक अल्पज्ञानी भयो र ज्ञानमा अद्यावधिक भएन भने निरङ्कुश हुन्छ । शिक्षकले शिक्षाको विकासका लागि समाज, राष्ट्र, अन्तर्राष्ट्र र स्थानीय आवश्यकतालाई एकै साथ जोडेर आत्ममूल्याङ्कन गरी सिकारुमैत्री शिक्षण गर्नुपर्छ । स्थानीय सरकारले सहयोग र सम्बोधन गर्नुपर्छ । शैक्षणिक बहस, विचारको विश्लेषण तथा समय सान्दर्भिक विचारको विकासका लागि आत्ममूल्याङ्कनको अर्थ र महत्व विशिष्ट रहन्छ । शिक्षकसँग नीति निर्माताले अनुभव र आवश्यकताका बारेमा गहन छलफल गर्नुपर्छ। असल शिक्षकले ज्ञान र अनुभवलाई बालमैत्री वातावरण प्रदान गर्न आत्ममूल्याङ्कनलाई मूल आधार हुनुपर्छ। यसका लागि शिक्षक-शिक्षक, शिक्षक-विद्यालय, शिक्षक-विद्यार्थी, शिक्षक-अभिभावक र शिक्षक-स्थानीय सरकारबिच सहसम्बन्धको आवश्यकता रहन्छ ।

## आत्ममूल्याङ्कनको शैक्षणिक महत्व र प्रयोग

आत्ममूल्याङ्कनका आधारमा जीवनोपयोगी ज्ञानात्मक अनुभव र नवीन ज्ञानलाई बढाउन सकिन्छ । पेसागत उन्नयनमा सचेत व्यक्तिलाई आत्ममूल्याङ्कन नै एउटा मार्गदर्शनको आधार बन्दै जान्छ । पुरस्कार र प्रोत्साहनका लागि माथिल्लो निकायले सहयोगी भूमिका निर्वाह गर्नुपर्छ । व्यक्तिले समस्याको समाधान खोज्ने तथा तर्कपूर्ण विचार सम्प्रेषण गर्ने हुनाले असल व्यवहारको उत्पत्ति हुन्छ । व्यवहारको विचलनलाई रोकेर सही व्यवस्थापन गर्ने खुबीलाई आत्ममूल्याङ्कनलेविकसित तुल्याउँछ । मानिसलाई चिन्तनशील, प्राज्ञिक बनाउने आधार आत्ममूल्याङ्कन हो जसबाट अध्ययनशील आदतको विकास हुन्छ । यो जिम्मेवारीप्रतिको लगाव भएका स्वतन्त्र बोधगम्यतामा आधारित प्रक्रिया हो । व्यक्तिगत र पेसागत जीवनमा आफू बाँचेर आफैँलाई विकसित तुल्याउन, समय सापेक्षित सुधार गर्न स्वव्यवस्थापन आवश्यक हुन्छ । कार्यालयमा कुनै पनि कामलाई कार्यसम्पादन गर्नका लागि सम्बन्धित व्यवस्थापक वा कर्मचारी स्वव्यवस्थित हुनैपर्छ (दोस्रो मोड्युल स्रोतव्यक्ति, २०७१, पृ.१७) । नियमसङ्गत अनुशासित आचरणको विकास गरी पेसाप्रति मर्यादित तुल्याउने यो विधिलेआत्मानुभूतिको विकास गराउँछ । आफूले अनुभूति गरेका कुराहरूको राम्रो र नराम्रो पक्षको मूल्याङ्कन पनि व्यक्ति आफैँले गर्न सक्दछ (शर्मा एण्ड शर्मा, २०६८, पृ. २९) । अतःआजको व्यस्त समाजमा मनोपरामर्शका आत्ममूल्याङ्कन व्यक्तिगत समस्या समाधान विधि बन्न सक्छ । यसबाट बालमनोविज्ञानलाई बुझ्ने सक्षमता विकासमा टेवा मिल्छ ।

स्वीकारात्मक सामाजिकीकरणमा सुझको आवश्यकता पर्दछ । व्यक्तिको स्वतन्त्र चिन्तन, नेतृत्व विकासको क्षमता, व्यक्तित्व विकासको अवसरजस्ता कुराहरू दमनात्मक सामाजिकीकरण विधिमा पाउन सकिँदैन (पूर्ववत्, पृ. १७७) । यसर्थ व्यक्तिको स्वतन्त्र व्यक्तित्व निर्माण गर्ने आधार बनाउन यो आवश्यक विधि हो । यसका माध्यमबाट शान्ति शिक्षाको वातावरण निर्माणमा, सामाजिकीकरणमा, समयसीमाको सचे तनामा सघाउ पुग्छ । कार्यलाई सम्पन्न गर्ने, सहकार्य गर्ने, दबाबमूलक अवस्थामा पनि कार्य सम्पादन गर्ने, होसियार बन्ने, सकारात्मक कार्यमा लगनशील बन्ने स्वव्यवथित गुणले आत्ममूल्याङ्कनलाई सबल तुल्याएको हुन्छ (दोस्रो मोड्युल स्रोतव्यक्ति, २०७१, पृ. १८) । आत्ममूल्याङ्कन, स्वव्यवस्थापन र स्वमूल्याङ्कन आपसमा पर्यायवाची शब्दका रूपमा आएको भए पनि यो गहन र अनुभवमुखी व्यक्तिकेन्द्री गुणात्मक विधि हो ।

शिक्षाका व्यक्तिगत कार्यअन्तर्गतका आन्तरिक शक्तिको विकास, व्यक्तित्व विकास, आत्मनिर्भरताको प्राप्ति, नैतिकताको विकास, अनुभवको पुनःनिर्माणजस्ता विषयवस्तुलाई पूर्ति गर्न आत्ममूल्याङ्कन आवश्यक

हुन्छ । सामाजिक कार्यअन्तर्गतको प्रगतिशील कार्य, राष्ट्रिय कार्यअन्तर्गतको नागरिक कार्य, नेतृत्व विकास, राष्ट्रिय एकता र विकासलगायत अन्तर्राष्ट्रिय कार्यमा समेत यो विधिले फाइदा पुऱ्याइरहेको हुन्छ । सिकाइको गहन विश्लेषणबाट वैज्ञानिक वास्तविकता खोज्न मद्दत पुऱ्याउने यो विधि खोजमूलक विश्लेषणमा आधारित रहेको देखिन्छ । आन्तरिक दोषलाई मेटाएर आफूलाई हरेक चुनौतीमा लड्ने सुमार्गसँग आत्ममूल्याङ्कन उपयोगी हुन्छ। शैक्षणिक समस्याको तत्कालीन तथा दीर्घकालीन हल खोज्ने वस्तुगत चिन्तन हुनुपर्छ। यसमा व्यक्ति स्वयम्को लगाव, झुकाव र सक्रियताको आवश्यकता रहनु आवश्यक हुन्छ। व्यक्तिको आलस्यता,लापरवाही, पेसागत दायित्वलाई उपेक्षा गर्ने सोच भयो भने यो विधिले व्यावहारिक बन्न सक्दैन ।

## निष्कर्ष र प्राप्ति

व्यक्तिगत सक्रियतामा आधारित आत्ममूल्याङ्कनले निजी अवधारणालाई विकास गर्दछ । व्यक्तिले सिकेको ज्ञानले स्वयम्लाई नै बढी फाइदा पुग्छ । सिकारुले सिकाइमा आत्मनिर्भरता बढाउन हरेक व्यक्ति र परिस्थितिलाई आधार बनाउँछ । परिवार, समाज र सामाजिक क्रियाकलापबाट आफ्नो सिकाइमा पूर्णता ल्याउँछ अनि एउटै विषयवस्तुलाई विभिन्न कोणबाट विश्लेषण गरी उपयुक्त विकल्पको छनौट गर्न सक्ने हुन्छ (पोखरेल, २०७२, पृ. ८६) । सिकारुलाई सिक्न लगाउने भन्दा सिक्ने प्रकृतिको बनाउनु आवश्यक छ । यसमा शिक्षक पनि किताबी संसारमा सीमित नभएर विश्वव्यापी परिवर्तनमा एकाकार गर्ने हुनसक्नुपर्दछ । आत्मबोधको विकाससँगै नवीनतम विधि तथा प्रविधिद्वारा शिक्षण सिकाइलाई अघि बढाउन तथा शिक्षार्थीमा स्वसक्रियताप्रति जागरुक गराउन आवश्यक छ। गरेर सिक्ने वातावरणका लागि आत्मअवलोकन आवश्यक हुन्छ।

कक्षाकोठाभित्र रहेका सिकारुमा सिकाइ सम्बन्धी विशेष आवश्यकता हुने कुरा शिक्षकले राम्ररी बुझ्नुपर्छ। शिक्षक र सिकारुबीचप्रभावकारी रूपमासञ्चार हुन नसक्दा सिकारुका सिकाइ समस्या समाधान हुन नसक्ने कुरासँग शिक्षक जानकार हुनुपर्छ(पौडेल, २०७४, पृ.११)। शिक्षकले पेसागत दक्षतालाई बढाउन आधुनिक जगत्को परिवर्तनलाई बुझेर अघि बढ्नुपर्ने हुन्छ । सिकाइलाई सिर्जनात्मक पक्षसँग जोडी त्यस्ता सिर्जनाको मूल्याङ्कन पेपर पेन्सिलबाट सम्भव हुँदैन (नेपाल, २०७४, पृ. ६०) । वर्तमान सन्दर्भमा उपलब्धि र जवाफदेहिताको आन्दोलन स्कुलप्रति नभएर शिक्षकप्रति केन्द्रित छ । शिक्षकलाई जे जति बाहिरबाट, बाह्य महत्वबाट निर्देशन गरिए पनि ऊ स्वयम् उत्प्रेरित नभएसम्म शिक्षण प्रभावकारिता सम्भव हुँदैन। त्यसैले शिक्षकमा विषयवस्तुको ज्ञान भएर मात्र हुँदैन विद्यार्थीको रुचि र मागअनुसार घुलमिल हुन सक्ने गुण पनि हुनैपर्छ। मन नपरेको शिक्षकले जति राम्रोसँग सिकाए पनि विद्यार्थीले रमाएर सिक्न सक्दैन । शिक्षकले विद्यार्थीलाई पढाउने भन्दा पढ्ने बनाउने हो । यसका लागि शिक्षकले प्रत्येक विद्यार्थीलाई पढ्न सक्नुपर्छ ।शिक्षकले विद्यार्थीको व्यक्तिगत अन्तर्दृष्टि र आफ्नो अन्तर्दृष्टिलाई स्वतन्त्र र निष्पक्ष रूपमा बोध गर्नुपर्छ । यसलाई सिकाइको वातावरणले र सिकारुको रुचीले प्रभाव पार्दछ ।

नेपालमा नीति नियम त प्रभावकारी छन् तर कार्यान्वयनको तहमा समस्या छ । शिक्षकलाई कार्यमूलक अनुसन्धान बुझाउन आग्रह गरिएको पाइन्छ तर तिनको अनुभव र सिकाइको वास्तविकता झल्कने आत्ममूल्याङ्कन गर्ने नीति छैन । यसलाई त विद्यार्थी मूल्याङ्कनको अतिरिक्त साधनको रूपमा सीमित राखिएको छ । विल फर्ग्युसनले यसका बारेमा किताबै लेखेका छन् ।बेलायत, अमेरिकाजस्ता देशद्वारा आत्ममूल्याङ्कनको आवश्यकतालाई अनुसन्धान गरिएको देखिन्छ। यद्यपि सुशासन, लोकतान्त्रीकरण तथा सहभागिताको बढ्दो लोकप्रियताका आधारमा नेपालले शैक्षिक विकेन्द्रीकरणअनुरूप शिक्षाको नीति तथा योजनालाई रूपान्तरण गर्न चाहेको छ । यो अवस्थामा शिक्षकको आत्ममूल्याङ्कनको मूल्यलाई शिक्षाका सरोकारवालाले बोध गर्नु आवश्यक छ। आजसम्म शिक्षा योजनाका लक्ष्यलाई पूरा गर्न नसकिनुका

कारणमध्ये शिक्षकको वृत्ति विकास र मूल्याङ्कनमा ध्यान नदिनु एउटा विशेष कारण हो । आत्ममूल्याङ्कन शैक्षिक विषयसँग मात्र नभएर जीवनका हरेक सामाजिक व्यवहारमा हरेक व्यक्तिका लागि आवश्यक चेतना विकासको साधनहो । अत:शैक्षणिक विकासमा आत्ममूल्याङ्कन प्रभावकारी सुधारमुखी विधि हो ।

आत्ममूल्याङ्कन स्वतन्त्र प्रकृतिको व्यक्तिकेन्द्री मनोविज्ञानमा आधारित शैक्षणिक विधि हो । शिक्षाको क्षेत्रमा मूलतः निर्माणात्मक, निर्णयात्मक तथा निदानात्मक मूल्याङ्कन गर्ने गरिन्छ । शैक्षणिक आत्ममूल्याङ्कनले व्यक्तिगत अन्तर्दृष्टि, स्वभाव तथा व्यवहारलाई शिक्षण सापेक्षित तुल्याउँछ । असल शिक्षक वा असल विद्यार्थीले आफ्नो क्षमता अभिवृद्धिका लागि निरन्तर सुधारात्मक र स्वनिर्देशित प्रक्रियालाई अपनाइरहेका हुन्छन् । शिक्षा र मूल्याङ्कनका परिभाषाभित्र आत्ममूल्याङ्कनको भावनालाई समेटिए पनि शिक्षाको नीति तथा व्यवहारमा शिक्षकको अनुभवलाई महत्व दिइएको पाइँदैन । शिक्षणका क्रममा अपनाउने कार्यमूलक अनुसन्धान, सहपाठी शिक्षण, आन्तरिक तथा बाह्य कक्षा सुपरिवेक्षण, प्रश्न निर्माण तथा विश्लेषण, उत्तरपुस्तिका परीक्षणमा शिक्षकले ज्ञान, सीप र अभिवृत्तिलाई अङ्कन गर्नु पनि आत्ममूल्याङ्कन नै हो । शिक्षण कार्यलाई लोकतान्त्रीकरण, सुशासन र सहभागिताको बढ्दो लोकप्रियता अनुरूप विकेन्द्रीकृत पद्धति सुहाउँदो बनाउन शिक्षकको आत्ममूल्याङ्कनलाई प्रोत्साहन गर्नुपर्छ । व्यक्तिगत, सामाजिक तथा संस्थागत कार्यको प्रभावकारितालाई अद्यावधिक, सम्पादन र सुधारमा आत्ममूल्याङ्कनको आवश्यकता अपरिहार्य हुन्छ । यसबाट व्यक्तिगत, पेसागत, सामाजिक, मनोवैज्ञानिक गुणका साथै प्राज्ञिक, शैक्षिक तथा व्यक्तिगत गुणको विकासमा सहयोग पुग्छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, विष्णुप्रसाद (२०७६/७७), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौं : आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्री विशाल (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

अर्याल, गोबिन्दप्रसाद (२०७२), निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति कार्यान्वयन विश्लेषण, *शिक्षक शिक्षा, वर्ष १३,* अङ्क १३, भक्तपुर : शिक्षा मन्त्रालय ।

आचार्य, देवीराम र पौडेल, सावित्रा (२०७३/७४), *विद्यायल निरीक्षक,* काठमाडौं : सारा प्रकाशन ।

आचार्य, देवीराम र पौडेल, सावित्रा (२०७६/७७), *स्थानीय तह अधिकृत दिग्दर्शन : शिक्षा सेवा, शिक्षा प्रशासन समूह,* काठमाडौं : सारा प्रकाशन ।

खनाल, बोधकुमार र विष्ट, सुरेन्द्रबहादुर (२०७३/७४), *विद्यायल निरीक्षक,* काठमाडौं : सुजल अफसेट ।

थपलिया, तुलसीप्रसाद (२०७२), नेपालमा शिक्षकको पेसागत विकास मोडल : अनुभव र भावी कार्यदिशा, *शिक्षक शिक्षा, वर्ष १३,* अङ्क १३, भक्तपुर : शिक्षा मन्त्रालय ।

थापा, ताराबहादुर (२०७२), विद्यालयको शैक्षिक गुणस्तर, *शिक्षक शिक्षा, वर्ष १३,* अङ्क १३, भक्तपुर : शिक्षा मन्त्रालय ।

*दोस्रो मोड्युल स्रोतव्यक्ति स्रोत सामग्री* (२०७१), स्वव्यवस्थापन, भक्तपुर : शिक्षा मन्त्रालय ।

नेपाल, खगेन्द्रप्रसाद (२०७४), माध्यमिक शिक्षा परीक्षा पद्धति, *शिक्षक शिक्षा,* भक्तपुर : शिक्षा मन्त्रालय ।

*नेपाली बृहत् शब्दकोश* (२०५०), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पराजुली, तीर्थराज र अन्य (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

पोखरेल, शर्मिला (२०७२), विद्यार्थीको सिकाइमा स्वको अधिकार : के, किन र कसरी ?,*शिक्षा, वर्ष ३१,*

अङ्क २, सङ्ख्या ४१, भक्तपुर : शिक्षा मन्त्रालय ।

पौडेल, आनन्द (२०७४), शिक्षकको पेसागत विकास, *शिक्षक शिक्षा,* भक्तपुर : शिक्षा मन्त्रालय ।

पौडेल, नन्दलाल (२०७४), शिक्षणमा मानव अभ्युदय शिक्षाको प्रयोग, *शिक्षक शिक्षा,* भक्तपुर : शिक्षा मन्त्रालय ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, *विद्यार्थी मूल्याङ्कन,* भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय ।

शर्मा, गोपीनाथ (२०७२), *नेपालमा शिक्षाको इतिहास भाग - १,* काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा, गोपीनाथ (२०७१), *नेपालमा शिक्षाको इतिहास भाग - २,* काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा, चिरञ्जीवी रशर्मा, निर्मला (२०६८), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०७५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

Marjano, R.J. Frontier, T. and Livingston, D. (2011), *Effective Supervision*, Retrieved from : http://www.ascd.org/publications/books/110019/chapters/A-Brief-History-of-Supervision-and-Evaluation.aspx on 2thjune 2019.

MacBEATH, JOHN (N.D.), Teacher Self-Evaluation, In International Hand book of Educational Research in the Asia-Pacific Region, 767-780, Dordrecht Kluwer Academic Publishers. Retrieved from : https://page-one.springer.com/pdf/preview/10.1007/978-94-017-3368-7_53

Schwartz, Michelle,*Self Evaluation of Teaching*,Learning & Teaching Office, http://www.ryerson.ca/lt/Retrieved from : https://www.ryerson.ca/content/dam/lt/resources/handouts/SelfEvaluation.pdfon 5thjune 2019.

OCED (2009), *Teacher Evaluation A Conceptual Framework and example of country practice*. Retrieved from : https://www.oecd.org/education/school/44568106.pdf on1th june 2019.

**लेखक** :

***रमेश भट्टराई*** *आदर्श बहुमुखी क्याम्पस, गजुरी- १, धादिङमा नेपाली विषयमा एम.एड. तहमा उप-प्राध्यापक तथा नेपाली भाषा शिक्षा विभागको विभागीय प्रमुख हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएका भट्टराई हाल त्रि.वि., कीर्तिपुरमा विद्यावारिधि शोधार्थी हुनुहुन्छ । उहाँले 'प्रज्ञा' शोधमूलक अर्धवार्षिक लगायतका जर्नलमा अनुसन्धानमूलक लेखहरू प्रकाशन गर्नुभएको छ । उहाँ भाषा, शिक्षा, शिक्षण र साहित्यका क्षेत्रमा रुचि राख्नुहुन्छ ।*